# प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६

(मिति २०७८।०९।१२ सम्म भएका संशोधन समेत मिलाइएको)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६

प्रदेश राजपत्रमा प्रकाशित मिति
२०७६।०६।०७

संशोधन

| | |
|---|---|
| प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८ | मिति २०७८।०४।२८ |
| प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८ | मिति २०७८।०९।१२ |

**प्रस्तावनाः** प्रदेश सरकारमा समायोजन भई वा *प्रदेश लोक सेवा आयोगको सिफारिस बमोजिम नियुक्त भई वा प्रदेशमा काममकाज गर्न खटिई आएका निजामती कर्मचारीको पदस्थापन *एवं व्यवस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी *प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

---

* पहिलो संशोधनद्वारा थप ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाका कर्मचारी र प्रदेशमा कामकाज गर्न खटिई आएका कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित मन्त्रालय अन्तर्गतका कार्यालय वा निकाय सम्झनु पर्छ र सो शब्दले प्रदेश नीति तथा योजना आयोग तथा प्रदेश सरकार मातहत रहेका अन्य सरकारी कार्यालय समेतलाई जनाउँछ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकारका केन्द्रीय निकाय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोगको केन्द्रीय कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा ◆निर्देशनालय वा विभागस्तरको काम गर्ने निकाय सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◆ पहिलो संशोधनद्वारा संशोधित ।

(छ) "सम्बन्धित मन्त्रालय" भन्नाले सेवा कर्मचारी कार्यरत रहेको निकायको तालुक मन्त्रालय सम्झनु पर्छ।

३. **पदस्थापन तथा सरुवा सम्बन्धी व्यवस्थाः** (१) कर्मचारीलाई प्रदेशको भौगोलिक क्षेत्र र कार्य विविधताको अनुभव समेत दिलाउने गरी दफा ४ र ५ को अधीनमा रही पदस्थापन वा सरुवा गरिनेछ।

(२) एक मन्त्रालय/केन्द्रीय निकाय वा अन्तर्गतको कर्मचारीलाई अर्को मन्त्रालय/केन्द्रीय निकाय वा अन्तर्गतमा पदस्थापन वा सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

(३) मन्त्रालय तथा मातहतको निकायमा कार्यरत अधिकृत आठौं तह सम्मका कर्मचारीको सम्बन्धित मन्त्रालयले पदस्थापन वा सरुवा गर्नेछ।

*(३क.) प्रदेश सरकारका केन्द्रीय निकायले आफ्ना मातहतका कार्यालयमा कार्यरत सहायकस्तर पाचौं तहसम्मका कर्मचारीको पदस्थापन वा सरुवा गर्न सक्नेछ ।

(४) मन्त्रालयले अधिकृत नवौं र दशौं तहका कर्मचारीको पदस्थापन वा सरुवा गर्नु पर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* पहिलो संशोधनद्वारा थप ।

(५) नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरुको पदस्थापन वा सरुवा आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

(६) अधिकृत एघारौं तह वा सो भन्दा माथिका कर्मचारीको पदस्थापन वा सरुवा प्रदेश सरकार, मन्त्रिपरिषद्ले गर्नेछ।

४. **सरुवाको समय तालिका र अवधिः** (१) कर्मचारीको सरुवा देहायको समय तालिका अनुसार गर्नु पर्नेछः-

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्षको भदौ एक गते देखि भदौ मसान्तसम्म,

(ख) ♦मन्त्रालयले प्रत्येक वर्षको असोज एक गतेदेखि असोज बीस गतेसम्म र प्रदेशका केन्द्रीय निकायले प्रत्येक वर्षको असोज एक्काइस गतेदेखि असोज मसान्तसम्म,

तर कुनै कार्यालयमा रिक्त भएको पदमा तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिएर सरुवा गर्न सकिनेछ।

⊕(ख१) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो खण्ड प्रारम्भ भएपछि एक पटकको लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

---

♦ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ दोस्रो संशोधनद्वारा थप ।

सामान्यतया समयावधि पुगेका कर्मचारीको सरुवा सम्बन्धित मन्त्रालय वा कार्यालयले २०७८ साल पुस १५ देखि ऐ. माघ मसान्तसम्म गर्न सक्नेछ । यसरी सरुवा गर्दा पहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले र त्यसपछि सम्बन्धित मन्त्रालय र केन्द्रीय निकायले क्रमशः सरुवा गर्नु पर्नेछ।

(ग) अनुसूची-१ मा सूचीकृत गरिएका "क" र "ख" वर्गका स्थानमा कार्यरत कर्मचारीलाई सामान्यतया डेढ वर्ष पूरा भएपछि र "ग" र "घ" वर्गका स्थानमा कार्यरत कर्मचारीलाई सामान्यतया दुई वर्ष पूरा भएपछि सरुवा गरिनेछ।

(घ) खण्ड (ग) बमोजिम सरुवा गर्दा "क" र "ख" वर्गमा कार्यरत कर्मचारीलाई क्रमशः "घ" र "ग" वर्गमा र "घ" र "ग" वर्गमा कार्यरत कर्मचारीलाई क्रमशः "क" र "ख" वर्गमा पर्ने गरी सरुवा गर्न प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कर्मचारीलाई तोकिएको अवधि नपुग्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई सरुवा गर्न सकिनेछः-

(क) प्रदेश अन्तर्गतका आयोजना/परियोजनाहरुमा सिर्जित हुने दरबन्दीमा काम काज गर्न खटाउन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) कुनै स्थानमा कार्यरत कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएमा र सो उपचार प्रदेशभित्रको अन्य स्थानमा हुन सक्ने भन्ने कुरा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्ड (मेडिकल बोर्ड बनि नसकेको अवस्थामा सम्बन्धित रोगको स्वीकृत चिकित्सकले सिफारिश गरेको भएमा सो उपर अध्ययन गरी सिफारिश गर्न प्रदेश अस्पतालमा कार्यरत मेडिकल सुपरिटेन्डेण्टको संयोजकत्वमा प्रदेश सरकारको प्रमुख सचिवले तोकेको अधिकृतस्तरको चिकित्सक र सामाजिक विकास मन्त्रालयले तोकेको अधिकृतस्तरको चिकित्सक कर्मचारी सदस्य रहेको तीन सदस्यीय समिति गठन गरी सो समितिले गरेको) सिफारिशको आधारमा उपचार गर्न पायक पर्ने स्थानमा सरुवा गर्न,

(ग) कुनै कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(घ) कुनै कर्मचारीलाई विभागीय कारवाही गर्नु परेमा,

(ङ) कुनै कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएमा,

(च) दरबन्दी कटौती भई वा कार्यालय खारेज भई फाजिलमा परेको भएमा।

(३) अधिकृत दशौं वा सो भन्दा माथिका कर्मचारी वाहेक अन्य कर्मचारीलाई सरुवा गर्दा अवधि तोकी सरुवा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

५. **सरुवाको प्रकृयाः** (१) सरुवा हुन चाहने कर्मचारीले आफ्नो कर्मचारी संकेत नम्बर सहित सवै विवरण भरी सरुवा हुन चाहेका कार्यालयको प्राथमिकताको आधारमा कम्तीमा तीनवटा कार्यालय उल्लेख गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरुवाको निवेदन प्राप्त नभए पनि सरुवा गर्न बाधा पर्ने छैन।

६. **सरुवाको आधारः** (१) एक वर्ष भन्दा कम उमेरको बच्चा भएका महिला कर्मचारी र नेपाल सरकारले निर्धारण गरेको कडा रोग लागेका कर्मचारीलाई सम्भव भएसम्म निजको अनुरोध बमोजिम सरुवा गरिनेछ।

(२) उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेका कर्मचारीलाई सरुवा गर्दा सम्भव भएसम्म घर पायक हुने गरी सरुवा गरिनेछ।

(३) सरुवा गर्दा रिक्त पदमा कर्मचारीको पति पत्नी दुवै जना यथासम्भव एउटै जिल्ला/कार्यालयमा पर्ने गरी सरुवा गर्न प्राथमिकता दिइनेछ।

(४) रिक्त पदमा सरुवा गर्दा वा अवधि पुगी सरुवा गर्दा कर्मचारीको माग भएमा एउटै वा एकै प्रकृतिको कार्यालयमा कार्यरत कर्मचारी मध्ये दुर्गम तथा लामो अवधि बसेका कर्मचारीलाई प्राथमिकता क्रमका आधारमा सरुवा गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(५) तीन महिना भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पूरा गरी फर्केका कर्मचारीलाई पद रिक्त भएसम्म "क" वा "ख" वर्गको स्थानमा सरुवा गरिनेछ।

(६) एउटै निकायमा एक भन्दा बढी कर्मचारीको सरुवाको लागि निवेदन प्राप्त भएको अवस्थामा दुर्गम क्षेत्रमा काम गरेको र हालको पद तथा कार्यालयमा कार्यरत अवधि समेतलाई आधार मानी दुर्गममा काम गर्ने र एउटै पदमा बढी अवधि काम गरेका कर्मचारीलाई प्राथमिकता दिने गरी सरुवा गरिनेछ।

(७) सरुवा गर्दा कार्यालयको संस्थागत स्मरण क्षमता कायम रहने व्यवस्था मिलाउनु पर्नेछ।

(८) दरबन्दी मिलान, नयाँ दरबन्दी सिर्जना, सरुवा भएको कर्मचारीको गलत वैयक्तिक विवरण, एकै पदमा दोहोरो सरुवा लगायतका कारण भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई जुनसुकै समयमा सरुवा गर्न सकिनेछ।

(९) सामान्यतया एकै प्रकृतिको कार्यालयमा पाँच वर्ष व्यतीत भइसकेको कर्मचारीलाई सोही प्रकृतिको कार्यालयमा दोहोरिने गरी सरुवा गरिने छैन।

(१०) आर्थिक वर्षको अवधि तीन महिना भन्दा कम रहेको अवस्थामा कार्यालय प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुखको पदमा कार्यरत कर्मचारीलाई काज खटाइने छैन।

तर विशेष अवस्था सृजना भएको कारण खोली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतीमा काजखटाउन बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश

(११) दरबन्दी बमोजिम कर्मचारी उपलब्ध नभएको अवस्थामा सेवाको निरन्तरता र सुनिश्चितताका लागि भौगोलिक क्षेत्र तथा कार्य प्रकृति मिल्ने गरी कार्यालय प्रमुख वा अन्य पदमा कार्यरत कर्मचारीलाई दोहोरो जिम्मेवारी दिन वा कामकाज गर्न खटाउन बाधा पर्ने छैन।

तर लेखा समूहको कर्मचारीलाई एउटै जिल्ला भित्र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य प्रदेश लेखा नियन्त्रकले मिलाउनेछ।

(१२) कर्मचारीको सरुवा तथा पदस्थापन गर्दा यस कार्यविधिको अन्य दफामा उल्लिखित आधारका अतिरिक्त देहायका कुराहरुलाई आधार लिनु पर्नेछः-

(क) कर्मचारीको माग निवेदन, शैक्षिक योग्यता, अनुभव, यस अघि कार्यरत कार्यालय र सम्बन्धित कर्मचारीको व्यक्तिगत अभिलेखको विश्लेषण,

(ख) लेखा समूहका कर्मचारीको हकमा खण्ड (क) मा उल्लिखित विवरणका अतिरिक्त प्रदेश लेखा नियन्त्रकबाट प्राप्त व्यक्तिगत विवरण (PIS) को विश्लेषण।

७. **<u>काज सम्बन्धी व्यवस्थाः</u>** (१) स्वीकृत अस्थायी दरबन्दीमा बाहेक एक वर्षमा तीन महिना भन्दा बढी काज खटाउन सकिने छैन।

(२) जनशक्तिको अभाव भई सेवा प्रवाहमा बाधा पर्न जाने भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक मन्त्रालयबाट अर्को मन्त्रालयमा काजमा खटाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) सम्बन्धित मन्त्रालयले आफू अन्तर्गतका निकाय वा आयोजनाको अस्थायी दरवन्दीमा कर्मचारीलाई काज खटाउनु पूर्व त्यस्ता निकाय वा आयोजनाको कार्यावधि, कामको चाप र सेवा प्रवाह गर्दा लाग्ने आवश्यक जनशक्ति विश्लेषण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको विश्लेषणको आधारमा सम्बन्धित मन्त्रालयले प्रत्येक आर्थिक वर्षको लागि त्यस्तो निकाय वा आयोजनाको अस्थायी दरबन्दी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम दरबन्दी सिर्जना गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

८. **सरुवा उपरको उजुरीः** मन्त्रालय तथा केन्द्रीय निकायले गरेको सरुवा उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उजुरी दिन सकिनेछ।

*८क. **अतिरिक्त समूह सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा समायोजन भई वा प्रदेश लोक सेवा आयोगको सिफारिस बमोजिम नियुक्ति भई आएका कर्मचारीलाई उपदफा (२) बमोजिमको अवस्थामा आवश्यक व्यवस्थापन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक अतिरिक्त समूह रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समूहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देहायका कर्मचारीको पदाधिकार सार्न सक्नेछः

---

* पहिलो संशोधनद्वारा थप ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) कुनै पनि कार्यालयमा फाजिलमा रहेका,

(ख) एक वर्ष भन्दा बढी समयको लागि बिदामा रहेका,

(ग) निलम्बन भएका।

(३) यस दफा बमोजिम कर्मचारीको पदाधिकार अतिरिक्त समूहमा सार्ने कार्यका लागि निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को मार्गदर्शन अबलम्बन गर्नु पर्नेछ।

९. **बचाउः** यस अघि कर्मचारी (व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भएको गरेको कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-१

(दफा ४ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>जिल्लाहरुको भौगोलिक वर्गीकरण</u>**

| क | ख | ग | घ |
|---|---|---|---|
| १. दोलखा जिल्लाको लामोवगर र रोल्वालिङ्ग क्षेत्र<br>२. धादिङ्ग जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र | १. रसुवा जिल्लाको राम्चे भन्दा उत्तरको क्षेत्र<br>३. दोलखा जिल्लाको लामोवगर र रोल्वालिङ्ग क्षेत्र बाहेक बाँकी क्षेत्र<br>२. रामेछाप | १. सिन्धुली<br>२. सिन्धुपाल्चोक<br>३. धादिङ्ग जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र बाहेक बाँकी धादिङ्ग जिल्ला<br>४. रसुवा जिल्लाको राम्चे सहित दक्षिण क्षेत्र | १. काठमाडौं<br>२. भक्तपुर<br>३. ललितपुर<br>४. काभ्रेपलान्चोक<br>५. नुवाकोट<br>६. चितवन<br>७. मकवानपुर |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## सरुवा माग गर्ने निवेदनको ढाँचा

मिति: ....... । ... । ...

**विषय: सरुवा हुन पाउँ ।**

श्रीमान् सचिवज्यू,

............................... ।

तल उल्लिखित निकायमा सरुवा भई प्रदेश सेवा गर्ने अवसर पाउन मेरो भएको सत्य तथ्य विवरणहरु सहित सम्बद्ध कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको/गरेकी छु ।

**कर्मचारीको विवरण**

| कार्यालयको नाम | पद | सेवा/ समूह/उपसमूह | श्रेणी | जन्म मिति | सो कार्यालयमा हाजिरी भएको मिति | घर ठेगाना/ नागरिकता प्र.प.नं. मिति र जिल्ला |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**यस भन्दा अगाडि कार्य गरेको विवरण**

| कार्यालयको नाम | पद | सेवा/ समूह/उपसमूह | श्रेणी | देखि ...सम्म | वर्ष ... महिना... | भौगोलिक क्षेत्र |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**सरुवा हुन चाहेको जिल्ला र कार्यालय (प्राथमिकताको आधारमा)**

१.
२.
३.

**संलग्न कागजातहरु**

१. सम्बन्धित कार्यालयमा कामकाज गरेको पुष्टयाइ हुने कागज
२. सरुवा हुन चाहेको कारण र प्रमाण

यसमा लेखिएको व्यहोरा साँचो हो। झुठा ठहरे कानून बमोजिम सजाय भोग्न तयार छु।

**निवेदक,-**
नाम थर:
पद:
कर्मचारी संकेत नं.:
कार्यालय:

<u>द्रष्टव्य:</u>- केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ बमोजिम प्रदेश नं.३ को सट्टा बागमती प्रदेश राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश